**शंखदेव हसौरा सामुदायिक वन उपभोक्ता समूह**

कावासोती न.पा. ४, हुप्सेकोट गा.पा. ४ नवलपरासी (ब.सु.पू.)

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको विस्तृत सूचना

(सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक सूचना प्रकाशन मिति २०८१।१२।१३)

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८१/०८२ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित गरि राखेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका, वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत/अद्यावधिक भएका प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपुर तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**तपसिलः**

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरणः**

| सि.नं. | लट नं. | प्रजाति | ग्रेड | किसिम | थान | परिमाण (घ.फि.) | न्यूनतम मुल्य (प्रति एकाइ रु) | मुल्याङ्कन रकम रु | संकलन खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | ए | गोलिया | ७ | ९६.५९ | १२५०. | १२०७३७.५ | प्रति क्यू.फिट रु १३६।- लाग्नेछ | |
| | | साल | वी | गोलिया | २० | १८३.८० | ९००. | १६५४२०. | | |
| | | साल | सी | गोलिया | २४ | १३२.८४ | ६००. | ७९७०४. | | |
| | | साल | डी | गोलिया | १ | ३.०८ | ३००. | ९२४. | | |
| | | **जम्मा** | | | ५२ | **४१६.३१** | | **३६६७८५.५** | | |
| | | असना | ए | गोलिया | ७ | ११२.२ | ४००. | ४४८८०. | | |
| | | असना | वी | गोलिया | १५ | १५१.७ | ३००. | ४५५१०. | | |
| | | असना | सी | गोलिया | १५ | ८९.५५ | १००. | ८९५५. | | |
| | | **जम्मा** | | | ३७ | **३५३.४५** | | **९९३४५.** | | |
| **कूल जम्मा** | | | | | ८९ | **७६९.७६** | | **४६६१३०.५** | | |
| २ | २ | साल | ए | गोलिया | १९ | २६२.५८ | १२५०. | ३२८२२५. | प्रति क्यू.फिट रु १३६।- लाग्नेछ | |
| | | साल | वी | गोलिया | ३९ | ४१७.८६ | ९००. | ३७६०७४. | | |
| | | साल | सी | गोलिया | २६ | १५९.९ | ६००. | ९५९४०. | | |
| | | साल | डी | गोलिया | ३ | ७.५१ | ३००. | २२५३. | | |
| | | **जम्मा** | | | ८७ | ८४७.८५ | | ८०२४९२. | | |

**२) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:**

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८२।०१।०३ गते, कार्यालय समय सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति :२०८२।०१।०४ गते, कार्यालय समय सम्म ।

ग) बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३) बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कावासोती शाखामा रहेको यस समूहको खाता नं. 3200100005071001 (चेकमा भएको नाम SHANKHADEV HASAURA SAMUDAYIK BAN UP ) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको बैक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

४) बोलपत्रको लागि रु.१,०००।–(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५) बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७) लिलाम प्रक्रियामा भाग लिन इच्छुक उद्योगले प्रोपाइटरहरुको नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत/अद्यावधिक भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ अनिवार्य पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ ।

८) निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०१।०५ गते दिनको ३:०० बजे खोलिनेछ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।

[signature]